लहान नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

२ लहान (सिरहा)

# शिलबन्दी बोलपत्र आह्वान सूचना

**सूचना नं.- ०१**

**(प्रथम पटक प्रकाशित मिति :- २०७४/११/२४)**

चालु आ.व.२०७४/०७५ मा यस नगरपालिका अन्तरगत तपसिल बमोजिमका निर्माण कार्यहरु ठेक्काको माध्यमबाट गराउनु पर्ने भएकोले निर्माण सम्वन्धी कार्य गर्न नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक शिलवन्दी बोलपत्र आह्वान गरिन्छ।

**निम्न :-**

०१. बोलपत्र फाराम खरिद गर्न इच्छुक निर्माण व्यवसायीहरुले सम्वन्धित फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७४/०७५ कालागि नविकरण भएको इजाजत-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्वर (पान) प्रमाण पत्र र प्रधान कार्यालय रहेको गाउँपालिका/नगरपालिकाबाट वा यस न.पा.वाट प्राप्त पटके व्यवसाय दर्ता प्रमाण-पत्रको प्रतिलिपि संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) औं दिनसम्म तपसिलमा उल्लेख भए वमोजिम वोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी कार्यालय समयभित्र यस कार्यालयको **राजस्व शाखा**बाट वोलपत्र सम्वन्धि कागजात (**Bid Document**) खरिद गर्न सकिनेछ र **E-Bidding** गर्न चाहनेले सार्वजनिक खरिद अनुगमन कार्यालयको **website: www.bolpatra.gov.np** बाट **download** गरी **Bid-document** प्राप्त गर्न सकिनेछ।

०२. वोलपत्र सम्वन्धि कागजात खरिद गर्ने निर्माण व्यवसायीको तर्फवाट प्रोप्राइटर स्वयं उपस्थित हुन नसकेमा रीत्तपूर्वकको अख्तियारी पेश गरेमा मात्र बोलपत्र खरिद गर्न सकिनेछ तर अख्तियारी एक व्यक्ति एक निर्माण व्यवसायीको लागि मात्र मान्य हुनेछ। त्यस्तो अख्तियारी औचित्य हेरी जुनसुकै समयमा कार्यालयले रद्द गर्न सकिनेछ।

०३. खरिद गरिएका बोलपत्रमा उल्लेख भएका सवै विवरणहरु अध्ययन गरी निर्माण व्यवसायीले प्रत्येक पानामा सही छापगरी, शिलवन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना, कामको नाम र ठे.नं. प्रष्टसंग लेखी ३१ औं दिन दिनको १२:०० वजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० वजे नगर कार्यपालिकाको कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ। उक्त समयमा वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रीत्तपूर्वकको वोलपत्रहरु खोलिने कार्यमा वाधा पर्नेछैन। वोलपत्र सम्बन्धि कागजात खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

०४. बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको **website: www.bolpatra.gov.np** मा समेत **E-Bidding** द्वारा **Submission** गर्न सकिनेछ। **E-Submission** गर्दा उल्लेखित **website** को **Provision of E-Submission of Bids** मा भएको प्रावधान अनुसार हुनुपर्नेछ।

०५. **E-Bidding** गर्दा बोलपत्रसाथ तपसिलमा उल्लेखित बोलपत्र फाराम दस्तुर नेपाल बैंक लिमिटेड, लहान स्थित रहेको यस कार्यालयको चल्ती हि.नं. ०३६०३००००००००४००१००३ मा जम्मा गरेको बैंक भौचरको **Scan Copy** र तपसिलमा उल्लेखित धरौटी रकममा नघटाई नेपाल बैंक लिमिटेड, लहान स्थित रहेको यस कार्यालयको चल्ती हि.नं. ०३६०३००००००००३०००००२ धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड (बोलपत्र खोलेको मितिले कम्तीमा १२० दिन म्याद भएको) को **Scan Copy, pdf file** साथ उल्लेखित website मा **Submission** गर्नुपर्नेछ। कुनै फाइनेन्स प्रा.लि.वाट जारी भएको बिडवण्ड मान्य हुनेछैन।

०६. **E-Submission** गरेको बीड **withdrawl, Modification** वा **Substitution** गर्दा **Electronic** विधिबाटै गर्नुपर्नेछ। साथै **E-Submission** गर्ने निर्माण व्यवसायीहरुले ५ दिन भित्र मूल कपी (**Hard Copy**) पेश गर्नुपर्नेछ।

०७. शिलवन्दी बोलपत्रसाथ तपसिलमा उल्लेखित धरौटी रकममा नघटाई नेपाल बैंक लिमिटेड, लहान स्थित रहेको यस कार्यालयको चल्ती हि.नं.०३६०३००००००००३०००००२ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड (बोलपत्र खोलेको मितिले कम्तीमा १२० दिन म्याद भएको) पेश गर्नुपर्नेछ। कुनै फाइनेन्स प्रा.लि.वाट जारीभएको बिडवण्ड मान्य हुनेछैन।



प्रमुख प्रशासकीय अधिकृत

०८. बोलपत्र फारममा भ्याट (VAT) वाहेकको दररेटहरु, अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ । कबोल अंक निकाल्दा दर र परिमाणको गुणनफल कायम गर्दा दशमलव पछिको दुई अंकलाई मान्यता दिइनेछ ।

०९. बोलपत्र शर्तरहित साथै यस कार्यालयले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ । त्यसरी लेखी आएमा सोलाई मान्यता दिईनेछैन । बोलपत्र दर्ता गर्ने निर्माण व्यवसायीहरुले सम्पन्न गर्नुपर्ने कामको विवरण, निर्माण स्थल, भौगोलिक अवस्था आदी सवै पक्षमा राम्रोसंग बुझी बोलपत्र भरेको मानिने छ ।

१०. बोलपत्रको बीड डकुमेन्ट, स्पेसिफिकेशन, परिमाणको मूल्यपत्र, सूचना, ठेक्का सम्वन्धि कुनै डकुमेन्ट आदिमा भाषागत त्रुटि भएमा वा विषय प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन वाधा पर्नेछैन । नेपाल सरकारको प्रचलित नियम कानून र यस कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ ।

११. बोलपत्र सम्वन्धि विस्तृत जानकारीकालागि प्रि-बीड मिटिंग मिति २०७४/१२/१२ गते दिनको १२:०० वजे यस कार्यालयमा हुनेछ । उक्त मिटिंगमा सम्वन्धित सबै निर्माण व्यवसायीहरु उपस्थित भई आफूले चाहेको जिज्ञासा राख्न सकिनेछ ।

१२. **E-Submission** को माध्यमबाट वोलपत्र पेश गरिने बाहेक कुनै बोलपत्रदाताले आफूले दर्ता गराएको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम मिति वा समय भुक्तान हुनुभन्दा २४ घंटा अगाबै शिलवन्दी लिखित सूचनाको खामको वाहिरी भागमा फिर्ता वा संशोधन मध्ये के गर्न चाहेको हो, सो स्पष्ट उल्लेख गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । त्यस्तो सूचनामा दस्तखत गर्ने व्यक्तिको रीतपूर्वकको अधिकार पत्र समेत अनिवार्य रुपमा संलग्न रहेको हुनुपर्नेछ ।

१३. रीत नपुगी वा म्याद नाघी आएका बोलपत्रहरु उपर कुनै किसिमको कार्यवाही हुनेछैन । बोलपत्र सम्वन्धि अन्य केही कुरा बुझ्न परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१४. कुनैपनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशकि रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । बोलपत्र स्वीकृत भएपछि पनि कार्यालयले आवश्यक ठोस निर्माण कार्यको आइटम पूर्ण वा आंशिक रुपमा थपघट गर्न सकिनेछ ।

१५. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ (पहिलो संशोधन २०७३) र सार्वजनिक खरीद नियमावली, २०६४ (पाँचौं संशोधन २०७३) वमोजिम हुनेछ । यस सूचनामा केही थपघट वा फरक पर्न गएमा प्रचलित नियम कानून वमोजिम हुनेछ ।

**तपसिल:**

| ठे.नं. | योजनाको नाम र स्थल | लागत अनुमान रु. (कन्टिनजेन्सी र भ्याट वाहेक) | धरौटी रकम रु. | वोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|
| ०१/२०७४/०७५ | सडक सुधार कार्य, लहान - १७ | १९,३७,६५६।८२ | ५८,०००।०० | ३,०००।- |
| ०२/२०७४/०७५ | सडक सुधार कार्य, लहान - १९ | १,६४,५०,२१७।६९ | ४,९३,५००।०० | ३,०००।- |
| ०३/२०७४/०७५ | सडक सुधार कार्य, लहान - २१ | १,५२,७२,७०७।०२ | ४,५८,०००।०० | ३,०००।- |
| ०४/२०७४/०७५ | सडक सुधार कार्य, लहान - ४,६ र ८ | १,४०,३७,२२१।७९ | ४,२१,०००।०० | ३,०००।- |
| ०५/२०७४/०७५ | कल्भर्ट निर्माण कार्य, लहान - १६ | १७,७९,०६९।४४ | ५३,०००।०० | ३,०००।- |
| ०६/२०७४/०७५ | कल्भर्ट निर्माण कार्य, लहान - १७ | २१,६४,६५०।१० | ६४,५००।०० | ३,०००।- |

प्रमुख प्रशासकीय अधिकृत